


# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY


सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वर्ष-१२ ।। अङ्क : १५३ ॥ २०७७ असोज १० गते शनिवार (26th Sep. 2020,Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


# रुख काट्नेमाथि कानुनी कार्वाही शुरु



*झापा (प्रस)* । प्रदेश सांसद वृख प्रधानको 'संलग्नता'मा झापा अर्जुनधारा ११ को सुखानी शहीद स्मृति पार्कमा काटिएको रुखका बारेमा वन कार्यालयले कार्वाही थालेको छ। सुखानी शहीद स्मृति प्रतिष्ठानको पार्कमा रहेका तीनवटा सिसौका रुखहरु असोज ५ गते गैरकानुनी रुपमा काटिएका थिए । विना अनुमति गैरकानुनी ढंगले रुख काटिएको घटनाका विषयमा वन कार्यालयले सुखानी शहीद स्मृति प्रतिष्ठानमाथि कार्वाही अगाडि बढाएको हो । डिभिजन वन कार्यालय भद्रपुरले कनकाई सव-डिभिजन कार्यालय सुरुङ्गाका प्रमुख नथुनी गुह्यारी यादवलाई जाँचबुझ गर्न आदेश दिएको छ। त्यस आदेशअनुसार कनकाई सव-डिभिजन कार्यालयले घटनाको स्थलगत निरीक्षण गरी सुखानी शहीद स्मृति प्रतिष्ठानलाई के कसरी ती रुख काटियो भन्ने जवाफ दिन स्पष्टीकरण सोधेको छ। 'घटनाको वास्तविकता के हो ? क-कसको संलग्नतामा ती रुख काटिए भनेर हामीले प्रतिष्ठानलाई पत्र पठाएका छौं'कनकाई सव-डिभिजन कार्यालयका रेन्जर राजेश घिमिरेले भने । उनले यथाशिघ्र त्यसको जवाफ पठाउन प्रतिष्ठानलाई भनिएको जानकारी दिए ।

काटिएका तीनवटा रुखमध्ये एउटालाई गोलिया पारेर प्रतिष्ठानमा लगेको र अरु दुईवटा काटेर फिल्डमै राखेको अबस्थामा आफूहरुले ती काठ फेला पारेको बताउँदै उनले काटिएका काठको परिमाण ४४.६ क्यूफिट रहेको जनाए । बरामद गरिएका काठ प्रतिष्ठानका व्यवस्थापक पुष्प तिवारीको जिम्मामा छोडिएको छ ।

## सुखानीमा रुख काटिएकोप्रति कांग्रेसको आपत्ति

*अर्जुनधारा (प्रस)* । झापाको अर्जुनधारा नगरपालिका-९,१० र ११ स्थित सुखानी सहिद स्मृति प्रतिष्ठानभित्र अवैध रुपमा रुख काटिएको घटनाप्रति नेपाली कांग्रेस अर्जुनधारा नगर समितिले गम्भीर आपत्ति जनाएको छ । नगर समितिका सभापति हेमराज खरेलले एक विज्ञप्ति जारी गर्दै आपत्ति जनाएका हुन् ।

डिभिजन बन कार्यालयलाई जानकारी नै नदिई प्रतिष्ठान परिसरमा प्रदेश-१ का सांसद विर्ख प्रधानको उपस्थितिमा गत असोज ५ गते सिसौका रुखहरु काटिएका थिए । 'प्रतिष्ठानका नाममा सामुदायिक बनभित्र रहेका रुखहरुको अबैध कटान र अपारदर्शी वितरण पटक-पटक दोहोरिएकोप्रति नेपाली कांग्रेस अर्जुनधारा नगरसमिति घोर आपत्ति प्रकट गर्दछ'- विज्ञप्तिमा भनिएको छ-'सत्ता र शक्तिको आडमा प्रदेश सांसद विर्ख प्रधानकै उपस्थितिमा रुखहरु काटिएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सांसद प्रधानसहित प्रतिष्ठानका पदाधिकारी तथा उक्त घटनामा संलग्नमाथि सामुदायिक बन ऐनअनुरुप कारबाही प्रक्रिया अगाडि बढाउन डिभिजन बन कार्यालयसहित सरोकारवाला निकायसँग जोडदार माग गर्दछौं ।'

सामुदायिक बन परिसरमा रहेको प्रतिष्ठानभित्र छिर्न त्यहाँका वनका उपभोक्ता तथा सर्वसाधारणले पैसा तिर्नुपर्ने तर उक्त रकम कहाँ र कसरी खर्च हुन्छ भन्ने जानकारी नै नगराउने प्रतिष्ठानको अपारदर्शी गतिविधिको छानविन गर्न सम्बन्धित निकायसँग विज्ञप्तिमार्फत माग गरिएको छ । सामुदायिक बनभित्र प्रतिष्ठान सञ्चालनका लागि भएको सम्झौता आम उपभोक्तामाझ सार्वजनिक गर्न मागसहित प्रतिष्ठानका अबैध गतिविधिमाथि निगरानी आग्रह गरिएको विज्ञप्तिमा अगाडि भनिएको छ-'नमूना सामुदायिक बन परिसरभित्र प्रतिष्ठान सञ्चालनका लागि भएको सम्झौता आम उपभोक्तामाझ सार्वजनिक गर्न माग गर्दै आफ्नै परिषरभित्र भइरहेका गतिविधिबारे जानकारी राख्दै अबैध गतिविधिप्रति खबरदारी गर्न र सार्वजनिक सम्पत्तिको संरक्षण

❖बाँकी अन्तिम पृष्ठमा

# छोरीको हेरचाह नगर्दा आमाबुवा नै जेलमा

❖मनिषा चम्लागाईं /झापा



'छोरीको हेरचाह नगर्ने आमाबुवा जेल' भन्ने सुन्दा अचम्म लाग्न सक्छ। तर, झापाको दमक नगरपालिकामा कोठा भाडामा बस्दै आएकी पाँचथरकी एक महिला र उनका श्रीमान् आफ्नै छोरीको हेरचाह नगरेको अभियोगमा जेल चलान भएका छन् ।

**घटनाक्रम**

इलाका प्रहरी कार्यालय दमकमा जेठ १० गते एक महिलाले आफ्नो ४ महिने शिशु खोजतलास गरिदिनको लागि निवेदन दर्ता गराइन् । निवेदनमा आफ्नो ४ महिनाको शिशु (छोरी) जन्मेको ४ दिनमा आफ्नै श्रीमान्ले कान छेड्ने बहानामा लिएर गएको र बेपता बनाएको उल्लेख गरिएको प्रहरीले जनाएको छ। बच्चा खोजतलास गर्ने क्रममा निवेदन बमोजिम प्रहरीले महिलाका श्रीमान्लाई गत ज्येष्ठ १२ गते नियन्त्रणमा लियो । प्रहरी बयानका क्रममा श्रीमान्ले बच्चा कहिले पोखराको मानिसलाई पाल्न दिएको त कहिले मारेर रतुवा खोलाको किनारमा गाडेको भन्दै फरक- फरक कुरा बताएको अनुसन्धानमा संलग्न प्रहरीले बताए ।

अनुसन्धानको क्रममा सोलुखुम्बु सोताङ नगरपालिका घर भइ हाल काठमाडौं गोकर्णेश्वर बस्ने एक महिलाले बच्चा लगेको खुल्न आएको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले बताए । दमक प्रहरीले महानगरीय प्रहरी परिसर काठमाण्डौं, प्रहरी प्रभाग बौद्ध र बालबालिका खोजतलास केन्द्र भृकुटीमण्डपसँग समन्वय गर्‍यो। बौद्ध प्रहरी र बालबालिका खोजतलास केन्द्रको सहयोगले शिशुलाई उद्धार गरी दमकसम्म ल्याउन प्रहरी सफल भयो । त्यसपश्चात् निवेदक

❖बाँकी अन्तिम पृष्ठमा

# लागूऔषधसहित तीन पक्राउ



*बिर्तामोड (प्रस)* । झापाको अर्जुनधारा-११ स्थित बसपार्क र बिर्तामोड भगवान चोकबाट लागूऔषध ब्राउनसुगरसहित तीन जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा बिर्तामोड-३ का २४ बर्षीय बिशाल राजवंशी र सोही स्थानका १५ बर्षीय नरप्रसाद राजवंशी रहेका छन भने अर्का बिर्तामोड-२ का २२ बर्षीय प्रदिप राजवंशी रहेका छन । बिशाल र नरप्रसाद ११ ग्राम ब्राउनसुगरसहित अर्जुनधाराबाट पक्राउ परेको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ। त्यस्तै प्रदिप १० ग्राम ब्राउनसुगरसहित बिर्तामोडको भगवान चोकबाट पक्राउ परेको कार्यालयले जनाएको छ।

बिशेष सुराकका आधारमा उनीहरुलाई बिहीबार राति पौने ११ बजे पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी मुकुन्द रिजालले जानकारी दिए। पक्राउ परेका तीनै जनामाथि थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको प्रहरीले जनाएको छ ।

# झापा कारागारका १० जनालाई एकैदिन कोरोना



*झापा (प्रस)* । झापा कारागार चन्द्रगढीका ७ कैदीबन्दीसहित १० जनालाई एकैदिन कोरोना संक्रमण देखिएको छ। संक्रमित हुनेहरुमा एक महिलासहित ७ कैदीवन्दी , २ जना प्रहरी र एकजना महिला भान्से रहेका छन्। असोज ५ गते कारागारका १७ जनाको पिसिआर परीक्षण गराउँदा १० जनामा संक्रमण पुष्टि भएको भद्रपुर नगरपालिकाका क्वारेन्टाइन प्रमुख मनोज भट्टराईले बताए । यसअघि असोज ५ गते कारागारका एकजना कैदीलाई संक्रमण देखिएको थियो। त्यस्तै बिर्तामोड नगरपालिका वडा नं ५ की ६० वर्षिया एक बृद्धालाई संक्रमण पुष्टि भएको छ भने शिवसताक्षी नगरपालिका वडा नं १ का ७१ वर्षका बृद्धलाई पनि संक्रमण देखिएको छ। ती बृद्ध उपचारका लागि विराटनगर गएको र त्यहाँ पिसिआर परीक्षण गराउँदा पोजिटिभ देखिएको नगरपालिकाका प्रवक्ता नवीन इजमले बताए । त्यस्तै झापा गाउँपालिकाका दुईजना पुरुषलाई संक्रमण पुष्टि भएको छ। संक्रमितहरु वडा नं ६ का रहेका छन् । एकजनाको गाउँपालिकाले पिसिआर परीक्षण गराउँदा पोजिटिभ देखिएको र अर्कालाई उपचारका लागि विराटनगर जाँदा त्यहाँ संक्रमण पुष्टि भएको गाउँपालिकाका अध्यक्ष जयनारायण शाहले बताए। शुक्रबारसम्म झापामा कुल संक्रमितको संख्या ८३६ पुगेको छ भने डिस्चार्ज हुनेको संख्या ७५७ पुगेको छ । हाल झापामा सकृय संक्रमितको संख्या ७३ छ भने कोरोनाबाट हालसम्म ६ जनाको मृत्यु भइसकेको छ।

## दश कर्मचारी होम आइसोलेसनमा




*झापा (प्रस)* । झापाको अर्जुनधारा नगरपालिकाका १० जना कर्मचारी होम आइसोलेसनमा बसेका छन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पंकज भुर्तेलसहित १० जना कर्मचारी

❖बाँकी अन्तिम पृष्ठमा


आस्था
कस्मेटिक
एण्ड जेनेरल स्टोर



कस्मेटिक आइटम
गिफ्ट आइटम
कुर्ता सुरुवालका कपडा तथा अन्य रेडिमेड कपडा
9806018268 | 9852684268
बिर्तामोड भद्रपुर रोड कालिका चोक
एडभान्स सेकुवा कर्नर नजिकै



# यस्तो छ मौरीको उपयोगिता

*शिवसत्ताक्षी (प्रस)* । मौरीपालन सम्बन्धी एक दिवसीय कार्यक्रम शिवसताक्षीमा सम्पन्न भएको छ।

'दैनिक गरौं मह सेवन, हुन्छ स्वास्थ्य दिर्घ जीवन' भन्ने मूल नाराका शिवसताक्षी नगरपालिकाको आर्थिक सहयोग तथा यूटर्न इन्टर नेसनल प्रालिको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा मौरीजन्य उत्पादन मह, पराग, चोप शाहीखुराकबाट मानव जीवनमा पर्ने स्वास्थ्य प्रभाव साथै परागसेचनले कृषि उत्पादनमा हुने बृद्धिका बारेमा सहजीकरण गरिएको थियो । यूटर्न इन्टरनेसनल प्रालि प्रदेश नं. १ का सहजकर्ताहरु खगेन्द्र तिम्सिना, जीवन बुढाथोकी र बिकास कोइरालाले मौरीको उपयोगिताका

❖बाँकी अन्तिम पृष्ठमा

# ग्रुप च्याटमा जथाभावी बोल्दा...



*बिर्तामोड (प्रस)* । ग्रुप च्याटमा जथाभावी बोल्दा बिर्तामोड नगरपालिका वडा नं ६ का एक युवक पक्राउ परेका छन् ।

साइबर क्राइमको आरोपमा पक्राउ पर्नेमा बिर्तामोड ६ का २० वर्षिय गौरव बुढाथोकी रहेका छन् । उनलाई बिहीबार दिउँसो बिर्तामोड प्रहरीले पक्राउ गरी काठमाडौ पठाएको छ। ग्रुप च्याटमा अश्लील शब्द बोलेको भन्दै काठमाडौंकी जुनु राईले महानगरीय प्रहरी परिसर टेकु काठमाडौंमा उजुरी हालेकी थिइन् । उनलाई पक्राउ गरी अड्डासार गर्दै तालुक महानगरीय प्रहरी परिसर टेकु काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।


भर्ना खुल्यो भर्ना खुल्यो भर्ना खुल्यो

"प्राविधिक शिक्षा आजको आवश्यकता"

एस.एल. सी/एस.ई.ई वा सो सरहको परिक्षा उत्तीर्ण भएका ईच्छुक विद्यार्थीहरूको लागि शैक्षिक सत्र २०७७/०७८ का लागि प्रवेश परिक्षाको आवेदन फारम वितरण भैरहेको छ ।

प्रविणता प्रमाणपत्र/ डिप्लोमा तह

३ वर्षे सामान्य चिकित्सा (HA)

३ वर्षे नर्सिङ्ग ( स्टाफ नर्स )

फाराम भर्ने अन्तिम मितिः
२०७७ असोज १५ गते बिहिबारसम्म
अनलाईन फारम पनि भर्न सकिनेछ
www.amda.org.np



अन्य सोधपुछ तथा जानकारीका लागी



आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान
दमक-२, झापा
०२३-५८२१८६ , ५८०१८६ , ९८४२६६६३९९

## सुखानीमा....



सार्वजनिक सम्पत्तिलाई आम उपभोक्ताको हितमा खर्चन अपिल गर्दै विज्ञप्तिमा भनिएको छ -'नमूना सामुदायिक बन परिसरको सार्वजनिक सम्पत्तिलाई सत्ता र शक्तिको आडमा अमुक राजनीतिक दलका नाममा प्रतिष्ठान खडा गरी बनको सम्पूर्ण आम्दानी हत्याउने र कार्यकर्ता पालनपोषणको माध्यम बनाइएको घटनाप्रति नेपाली कांग्रेस अर्जुनधारा नगरसमिति गम्भीर आपत्ति प्रकट गर्दै सार्वजनिक सम्पत्तिलाई आम उपभोक्ताको हितमा खर्चन समेत सम्पूर्णमा हार्दिक अपिल गर्दछौं ।'

नमुना सामुदायिक बन परिसरको गर्न हामी नमूना सामुदायिक बन उपभोक्ता समितिसँग हार्दिक अपिल गर्दछौं । साथै सार्वजनिक सम्पत्तिको सदुपयोगका लागि गम्भीर बन्दै सामुदायिक बनको संरक्षणमा जुट्न स्थानीयबासी, नागरिक समाज, क्रियाशील राजनीतिक दल र सम्पूर्ण सरोकारवालालाई हार्दिक अनुरोध गर्दछौं ।'

## दश....

होम आइसोलेसनमा बसेको नगरपालिकाले जनाएको छ । नगरपालिकाका तीन शाखाको काम पनि शुक्रबारदेखि बन्द गरिएको छ ।

अर्जुनधारा नगरपालिकाको कार्यालयमा प्रवेश गरेका एक ब्यक्तिलाई कोरोना संक्रमण पुष्टि भएपछि नगरपालिकाले कृषि, प्रशासन र प्राविधिक शाखाको कामकारबाही बन्द गरिएको हो । बिहीबार दिउँसो नगरपालिका प्रवेश गरेका ती ब्यक्तिलाई सोही दिन बेलुका कोरोना संक्रमण पुष्टि भएको थियो ।

हाल उक्त शाखालाई निःसंक्रमण गरेर बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत भुर्तेलले बताए । होम आइसोलेसनमा रहेका कर्मचारीको पाँच दिनपछि स्वाब संकलन गरेर परीक्षणका लागि पठाइने भुर्तेलले जानकारी दिए । नगरपालिकाबाट प्रवाह गरिने अन्य सेवा भने सुचारु रहने नगरपालिकाले जनाएको छ ।

## यस्तो छ...

बारेमा श्रब्य, दृष्यका माध्यमबाट सहजीकरण गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्माले सतासी महिला मौरीपालन सहकारी संस्थाले उत्पादन गरेको महले शिवसताक्षी नगरपालिका मात्र होइन, प्रदेश नं. १ कै नमुनाको रुपमा अघि बढेको बताएका छन् । शेर्माले महिला दिदीबहिनीहरुले लामो समयदेखि एक आपसमा मिलेर गरेको यस कार्यप्रति आभार प्रकट गर्दै नगरपालिकाले गर्नुपर्ने सहयोग सदा रहने प्रतिबद्धता ब्यक्त गरे । संस्थाकी अध्यक्ष धनमाया थापाले संस्थामा ५ सयबढी सदस्य रहेपनि मौरीपालनमा सयको हाराहारीमा मौरीपालक कृषकहरु रहेको बताइन् । उनले भनिन् 'संस्थासँग आर्थिक स्रोत छैन, धितो राखेर ऋण लिन संस्थासँग १ कट्ठा जग्गा मात्र रहेकाले नगरपालिका तथा संस्थाको संयुक्त जमानीमा ऋण पाउने व्यवस्था मिलाई दिन नगरपालिकासँग आग्रह गर्दछु ' । उनले मौरीको गोला बढाउन सके महबाट उत्पादन हुने सम्पूर्ण सामग्रीहरु यहीबाट उत्पादन गर्न सकिने बताइन् ।

उनले अहिले केही मौरीपालक कृषकहरुसँग ५० गोलादेखि ३ सय गोलासम्म मात्र मौरी रहेकोमा सरल ब्याजमा ऋण उपलब्ध भएमा १ हजार गोलासम्म एक जना किसानले मौरी पाल्न सक्ने बताउँदै मौरीका लागि चरनको समेत अभाव भएको जानकारी गराइन् ।

कार्यक्रममा नगरपालिकाकी उप-प्रमुख भोजकुमारी नेपाल, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राई, लेखा अधिकृत प्रकाश योङहाङ, नगरपालिकाका शिक्षा शाखा प्रमुख सुरेन्द्र दाहाल, बिभिन्न वडाका वडाध्यक्षहरु लगायतको मन्तव्य तथा आतिथ्यता रहेको थियो । संस्थाकी अध्यक्ष धनमाया थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन संस्थाका लेखा संयोजक फूलकुमारी चौधरीले गरेकी थिइन् । कार्यक्रममा ५० भन्दा बढी मौरीपालक कृषकहरु सहभागिता रहेको थियो ।

## छोरीको...

आमा, चार महिनासम्म बच्चालाई संरक्षण गर्ने महिलालाई प्रहरीले अनुसन्धानको दायरामा ल्यायो ।

चार दिनको शिशुलाई हुर्काएर ४ महिनासम्म मातृवात्सल्य दिने महिला आफू निसन्तान भएको र बच्चाको इच्छा धेरै भएकोले बच्चा लगेको प्रहरीलाई बताइन् । धरानमा रहेकी आफ्नी भदैनीले 'एउटा बच्चा दिने मानिस फेला परेको छ, पाल्ने हो' भनेपछि आफ्ना श्रीमान्लाई समेत छलेर बच्चा लिन आएको उनले बताइन् । बच्चा लाने महिला उनका र श्रीमान् सामान्य ज्याला मजदुरी गरेर जीवनयापन गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ ।

**प्रहरी अनुसन्धान**

चार दिनको शिशुलाई छुट्याएर लगेपश्चात करिब ४ महिना पछाडि मात्र किन उजुरी भन्ने विषयमा प्रहरीले अनुसन्धान शुरु गऱ्यो । बच्चा दिएको ४ महिनापछि श्रीमान्सँग मनमुटाव शुरु भएकाले महिला उजुरी दिन आएको प्रहरी अनुसन्धानले देखाएको छ । दमकस्थित ऊँ मेची अस्पतालमा बच्चालाई जन्म दिएकी महिलाले सुत्केरी गराउँदा आमाबुवा दुबैले वास्तविक नाम नलेखाइ फरक नाम उल्लेख गरी सुत्केरी गराएको पाइएको डिएसपी पण्डितले बताए । घटनामा आर्थिक लेनदेन भने देखिएको इप्रका दमकले जनाएको छ ।

'हामीले घटनाको सुक्ष्मरुपले अनुसन्धान गऱ्यौं' डिएसपी पण्डित भन्छन्,' अनुसन्धानको क्रममा जन्म दिनेआमाले समेत बच्चा हेरचाह, स्याहार नगरेको पाइयो ।' अबोध शिशुको जीवनसँग खेलवाड भएको पाइएको भन्दै इप्रका दमकले जन्म दिने आमाबुवा, ४ महिनासम्म बच्चा स्याहार गर्ने महिला र घटनामा संलग्न ७ जनाविरुद्ध 'बाल परित्याग' मुद्धा दायर गऱ्यो । मुद्धा परेका ७ जनामध्ये ६ जना पक्राउ परेको इप्रका दमकले जनाएको छ । अहिले बच्चा भने जन्म दिने आमासँगै रहेको जनाइएको छ । जिल्ला अदालत झापाले जन्म दिने आमालाई २५ हजार, बुवालाई १ लाख र संलग्न अन्यलाई ५०-५० हजार रुपैयाँ धरौटी माग गऱ्यो । धरौटी बुझाउन नसकेको कारण असोज २ गते बच्चाकी आमा र बुवा जेल चलान भए भने घटनामा संलग्न अरु व्यक्तिले धरौटी बुझाएका छन् ।

# ४९ बोतल लागुऔषधसहित पक्राउ



झापा । सुनसरीको इनरुवा नगरपालिका १ गोलपार्क नजिकबाट एक युवकलाई ठूलो परिमाणमा लागुऔषधसहित प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हरिनगर गाउँपालिका ७ घुस्की बजारका अकमुल अन्सारी रहेका छन् । उनीसँगैका अर्का घुस्की ६ का १९ बर्षीया मो.इन्तियाज अन्सारी भने फरार रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । उनीहरुको साथबाट ४९ बोतल डाइलेक्स डिसी १०० एमएल बरामद भएको छ ।

प्रहरीका अनुसार बिहीबार जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले बबिया मालपोत सडकखण्डमा मोटरसाइकल रोकेर चेकजाँच गर्ने क्रममा लागुऔषधसहित उनीहरु फेला परेका थिए । मो.इन्तियाज अंसारीले मोटरसाइकल चलाएका थिए भने उनको पछाडी अकमुल अन्सारी रहेका थिए ।

प्रहरीले मोटरसाइकल रोकेर जाँच गर्ने क्रममा चालक इन्तियाज फरार हुन सफल भए भने अकमुललाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उनको बोकेको कालो रंगको झोलाबाट लागुऔषध बरामद भएको थियो । फरार रहेका इन्तियाजको खोजी भइरहेको छ भने पक्राउ परेका अकमुललाई लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिम जिल्ला अदालत सुनसरीबाट ५ दिन म्याद थप भएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# छतबाट झरेर बालिकाको मृत्यु

***बिर्तामोड (प्रस) ।*** झापाको बिर्तामोड-५ मा घरको छतबाट झरेर एक बालिकाको मृत्यु भएको छ । बिर्तामोड ५ बस्ने दुर्गाप्रसाद थपलियाको चारतले घरको छतबाट झरेर १३ बर्षीया कृतिका भण्डारीको मृत्यु भएको हो । थपलियाकी भान्जी पर्ने कृतिका ५ दिनअघि



काठमाडौबाट मावल आएकी थिइन् ।

बिहीबार राति १० बजे खाना खाईसकेपछि घरको छतमा गई तल हेर्ने क्रममा अचानक लड्दा कृतिका गम्भिर घाईते भएकी थिईन् । उनलाई तत्काल उपचारका लागि बीएण्डसी हस्पिटल लैजादै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# झापाका युवक धरानको होटलमा मृत फेला

***झापा (प्रस) ।*** झापा, शिवसताक्षीस्थित माइधारका एक युवक धरानको होटलमा मृत फेला परेका छन् । शिवसताक्षीस्थित माईधार घर भई हाल धरानको बरगाछी ग्रिलमा काम गर्दै आएका २१ वर्षीय सन्तोष दर्नाल धरान १८ को सोलुखुम्बु होटलमा झुन्डिएको अवस्थामा फेला परेको धरानका डिएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले जानकारी दिए ।

दर्नाल पलंगमा ओछ्याएको तन्नाको पासो लगाएर पंखा झुन्ड्याउने रडमा झुन्डिएको अवस्थामा होटलमा मंगलवार राति ९:३० मृत फेला परेकामा हुन् । उक्त होटलमा संगै बसेका तीन जना युवतीलाई सोधपुछका लागि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । मृतक तीन जना युवतीसँग बसेको खुलेकाले २३ वर्षीया सीता श्रेष्ठ, २१ वर्षीया कंचन र २४ वर्षीया सुस्मिता श्रेष्ठलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको बस्नेतले बताए ।

दर्नालले १ महिना अगाडि सीता श्रेष्ठसँग विवाह गरेको झापामा परिवारलाई जानकारी गराएका थिए । तर, सीताका अर्का श्रीमान् समेत रहेको र एउटा बच्चा पनि भएको खुलेको छ । सीताले दर्नालसँग दोस्रो विवाह नगरेको बताएको प्रहरीले जानकारी दिएकी छिन् । शव आफन्तले जिम्मा लिएर दाहसंस्कार समेत गरेका छन् । शवको पोस्टमार्टमका लागि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको र रिपोर्ट हालसम्म नआएको प्रहरीले जानकारी दिएको छ ।

# घाग्रा खोलामा बन्दै साढे ६ करोडको पुल



***राजगढ (प्रस) ।*** झापाको बाह्रदशी गाउँपालिका वडा नं ५ स्थित घाग्रा खोलामा पक्की पुल निर्माण हुने भएको छ ।

बाह्रदशी–५ पाखीबासपूर्व घाग्रा खोलामा ६ करोड ५९ लाख ३९ हजार ७७५ रुपैयाँमा सो पुलको ठेक्का लागेको हो । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको यातायात पूर्वाधार निर्देशनालयअन्तर्गत पूर्वाधार विकास कार्यालय भद्रपुरले बजेट उपलब्ध गराएको हो । संघीय सांसद राजेन्द्रप्रसाद लिङ्देनको प्रमुख आतिथ्यमा संविधानसभा सदस्य हरि राजवंशी, प्रदेश सांसद पूर्णसिंह राजवंशी, बाह्रदशी गाउँपालिका अध्यक्ष खडगप्रसाद राजवंशीलगायतको उपस्थितिमा बिहीबार सो पुलको शिलान्यास गरिएको छ ।पुल नहुँदा स्थानीयलाई आवतजावतमा समस्या भएको छ ।


पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


# दमकका दुई अस्पताललाई लाखौँको स्वास्थ्य सामग्री




***दमक (प्रस) ।*** झापा दमकका दुई अस्पताललाई एक गैरसकारी संस्थाले ४५ लाख रुपैयाँ बढीको स्वास्थ्य सामग्री उपलव्ध गराएको छ । टिएडयु ची फाउन्डेसनले नेपाल सरकारसँगको समन्वयमा दमक अस्पताल र आम्दा अस्पतालका लागि कोभिड १९ सङ्क्रमित बिरामीको उपचारका लागि विभिन्न स्वास्थ्य सामग्री उपलव्ध गराएको हो ।

ती स्वास्थ्य सामग्रीहरु काठमाडौ दाता संस्थाका प्रतिनिधिले स्वास्थ्य मन्त्री भानुभक्त ढकाललाई हस्तान्तरण गरेका थिए । स्वास्थ्य सामग्रीहरुमा २४०० थान डिस्पोजेबल मास्क, २७० थान फेस मास्क, २८८ थान पिपिई, १००० थान पन्जा, इन्फ्रारेड थर्मामिटर र भेन्टिलेटर इक्युपमेन्ट रहेका छन् । दमक अस्पतालकी एनेस्थेसिया असिस्टेन्ट देवी दंगालका अनुसार यी सामग्री कोभिड १९ बाट जोगिनका लागि स्वास्थ्यकर्मीले प्रयोग गर्नेछन् ।

सरकारी १५ बेडको जिल्ला अस्पतालको मान्यता पाएको दमक अस्पतालमा अहिले विशेषज्ञ सेवाहरू सञ्चालित छन् । दैनिक ४ सय बिरामीले अहिले पनि स्वास्थ्य सेवा लिइरहेको दंगालले बताइन् । कोरोना भाइरस संक्रमणको उपचारमा अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मी नै सङ्क्रमित हुन थालेपछि सुरक्षा अपनाउन उपयोगी हुने अस्पतालले जनाएको छ । दमक अस्पतालमा कार्यरत ३ जना स्वास्थ्यकर्मी संक्रमित भएका छन् ।

## नेपाली कांग्रेस

**अर्जुनधारा नगर समितिको कार्यालय , अर्जुनधारा, झापा**

## प्रेस विज्ञप्ति

**मिति:२०७७/०६/१०**

झापाको अर्जुनधारा नगरपालिका वडा नं. ९, १० र ११ स्थित सुखानी सहिद स्मृति प्रतिष्ठान परिसरभित्र अवैध रुपमा रुख काटिएको घटना प्रति नेपाली कांग्रेस अर्जुनधारा नगर समितिको गम्भिर ध्यानाकर्षण भएको छ । प्रतिष्ठानका नाममा सामुदायिक वनभित्र रहेका रुखहरुको अवैध कटान र अपारदर्शी वितरण पटक-पटक दोहिरिएको प्रति नेपाली कांग्रेस अर्जुनधारा नगर समिति घोर आपत्ति प्रकट गर्दछ । यसअघि पनि साखु, सिसौ, लगायतका जातका रुखहरु पटक-पटक काटिएको र पछिल्लो पटक गत मिति २०७७/०६/०५ मा सम्बन्धित निकायसँग अनुमति नै नलिई सत्ता र शक्तिको आडमा प्रदेश सांसद श्री बिर्ख प्रधानकै उपस्थितिमा रुखहरु काटिएको प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । सांसद प्रधान सहित प्रतिष्ठानका पदाधिकारी तथा उक्त घटनामा संलग्न माथि सामुदायिक वन ऐन अनुरुप कारवाही प्रक्रिया अगाडी बढाउन जिल्ला वन कार्यालय समिति सरोकारवाला निकायसँग जोडदार माग गर्दछौँ ।

सामुदायिक वनभित्र उपभोक्ताको सम्पत्ति भएपनि सर्वसाधारणले प्रतिष्ठान भित्र प्रवेश गर्न नै पैसा तिर्न पर्ने तर उक्त रकम कहाँ र कसरी खर्च हुन्छ ? भन्ने कुरा जानकारी नै नगराउने प्रतिष्ठानको अपाराधिक गतिविधिको छानविन गर्नपनि हामी सम्बन्धित निकायसँग जोडदार माँग गर्दछौ । साथै नमुना सामुदायिक वन परिसरभित्र भइरहेका गतिविधिबारे जानकारी राख्ने अवैध गतिविधिप्रति खबरदारी गर्न र सार्वजनिक सम्पत्तिको संरक्षण गर्न हामी नमुना सामुदायिक वन उपभोक्ता समिति सँग हार्दिक अपिल गर्दछौ । साथै सार्वजनिक सम्पत्तिको सदुपयोगका लागि गम्भिर बन्न, सामुदायिक वनको संरक्षणमा जुटन स्थानियबासी, नागरिक समाज, त्रियाशिल राजनितिक दल र सम्पूर्ण सरोकारवालालाई हार्दिक अनुरोध गर्दछु ।

नमुना सामुदायिक वन परिसरको सार्वजनिक सम्पत्तिालाई सत्ता र शक्तिको आडमा प्रमुख राजनितिक दलका नाममा प्रतिष्ठान खडा गरि वनको सम्पूर्ण आम्दानी हत्याउने र कार्याकर्ता पालन पोषण्को माध्यम बनाइएको घटना प्रति नेपाली कांग्रेस अर्जुनधारा नगरसमिति गम्भिर आपत्ति पर्कट गर्दै सार्वजनिक सम्पत्तिलाई आम उपभोक्ताको हितमा खर्चन समेत सम्पूर्णमा हार्दिक अपिल गर्दछौँ ।


हाडजोर्नी तथा नशाका समस्याहरुको
बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरु



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका बिभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

### पिसिआरको पीडा

कोभिड डेडिकेटेड अस्पतालका रूपमा निःशुल्क कोरोना परीक्षण गर्ने केन्द्र रहेको अस्पतालमा लामो लाइन हुन्छ परीक्षणको पालो कुर्नेहरूको । अवस्था कस्तो देखिन्छ भने बाहिरबाट उक्त लाइनमा मिसिन आउँदा कोरोना नभएको कुनै पनि मानिस त्यो लाइनमा बसेकै कारणले कोरोना संक्रमित हुन सक्छ । शुल्क तिरेर परीक्षण गर्न लाग्ने दुई हजार रुपैयाँको बन्दोबस्त गर्न नसकेर यो विपत् सहेर लाइनमा लाग्नु उनीहरूको बाध्यता हो ।

सरकारले कोरोना परीक्षणका लागि सहज र सर्वसुलभ व्यवस्था गर्न सकेको भए यो कन्तबिजोग सहनुपर्ने थिएन । कोरोनाको पहिलो केस भेटिँदा नेपालमा कोरोना परीक्षणको व्यवस्थासमेत थिएन । पछिल्ला सात महिनामा सरकारले यसको बन्दोबस्त अलि विस्तार रूपमा गरेको छ। ४५ वटाभन्दा बढी प्रयोगशालामा यसको परिक्षण हुन्छ । निःशुल्क पनि छ र शुल्क तिरेर गर्न पाइने बन्दोबस्त पनि गरिएको छ । परिवारका लागि दश-आठ हजार खर्च गर्न कुनै समस्या नहुने मध्यम तथा उच्च वर्गका लागि सहरमा विकल्प धेरै छन् ।

तर, पेटभर खानै पनि पैसा नभएर कामको खोजीमा आउनेका लागि दुई हजार खर्च गर्नु पनि ठूलै कुरा हो । यही गरिखाने वर्गको हकमा सीमित विकल्प छन् भन्ने सरकारले बुझ्नुपर्छ । जो यो झरी र वर्षामा रातविरात परीक्षणको पालो कुरिरहेका छन् । सरकारले चाहने हो भने सामान्य व्ययभार थपेर थप जनशक्तिको व्यवस्था गरी अहिले खाली रहेका टोलटोलका विद्यालयमा स्वाब संकलन केन्द्र बनाउन सक्छ र यस्तो झन्झट र पीडासहितको प्रतीक्षाको लाम हटाउन सक्छ । तर, अहिलेसम्मको गति हेर्दा सरकार यो परीक्षणको व्ययभार व्यक्ति या परिवारलाई नै बोक्न लगाउने पक्षमा रहेको देखिन्छ । त्यही भएर ऊ निःशुल्क परीक्षणमा पहुँच घटाउँदै छ । यही भिड र ढिलाइका कारण संक्रमण फैलिने दर तीव्र हुने जोखिम बढेको छ ।

# नेपालको वैदेशिक व्यापारको स्थिति

❖डा. सुमनकुमार रेग्मी

नेपालको वैदेशिक व्यापारमा साढे चार दशकभन्दा अघिदेखि निर्यातको तुलनामा आयातको मात्रा बढी भई व्यापारघाटाको मात्रा बढ्दै आएको छ । आव सन् १९७५-७६ मा करिब १ अर्ब १९ करोड रुपैयाँ निर्यात र करिब १ अर्ब ८१ करोड रुपैयाँको आयात भई करिब ६२ करोड रुपैयाँको व्यापारघाटा रहेको थियो । तर, आव सन् २०१०-११ मा ६४ अर्ब ५६ करोड रुपैयाँको निर्यात र ३ सय ९७ अर्ब ५४ करोड रुपैयाँको आयात भएको छ र झन्डै ३ सय ३३ अर्ब रुपैयाँ व्यापारघाटा देखिएको छ । तर, सन् २०१९-२० अर्थात् आव २०७६-७७ मा करिब ८८ अर्बको निर्यात र करिब ११ सय अर्ब रुपैयाँको आयात भएको छ । यस वर्ष व्यापारघाटा भने १ हजार १३ अर्ब रुपैयाँको भएको छ ।

सन्को एक्काइसौं शताब्दीको सुरुदेखि नै नेपालमा व्यापारघाटाको वृद्धिदर अधिक रूपमा बढ्दै गएको पाइन्छ । सन आव २०६७-६८ मा देशको कुल निर्याताले आयातको करिब १६ प्रतिशत अंशमात्र धानेको थियो । तर, २०७६-७७ आउँदा निर्यात-आयात अनुपात करिब १:१३ रहन गएको छ । देशमा अनुत्पादक वस्तुको आयात बढ्दै गएका कारण पनि अन्तर्राष्ट्रिय व्यापारको सञ्चालनमा थप चुनौती देखिन्छ । नेपालको आयात तथा निर्यात दुवैमा भारत मुख्य व्यापारिक साझेदारका रूपमा रहिआएको छ ।

भारतबाहेक नेपालको अन्य मुख्य व्यापारिक साझेदारहरूमा नियाततर्फ चीन, बंगलादेश, संयुक्त राज्य अमेरिका, जर्मनी, संयुक्त अधिराज्य, फ्रान्स, टर्की, क्यानाडा, सिगांपुर, इटाली, जापान र अन्य छन् । आयाततर्फ भारत, चीन, अर्जेन्टिना, इन्डोनेसिया, थाइल्यान्ड, दक्षिण कोरिया, मलेसिया, जापान, संयुक्त राज्य अमेरिका, सिंगापुर, साउदी अरब र युरोपेली देशहरू रहेका छन् ।

नेपालको मुख्य निर्यात वस्तुहरूमा पाम आयल (२०७६-७७ मा पहिलो निकासी वस्तु), सोयाबिन आयल (दोस्रो), धागो (तेस्रो), फलाम तथा स्टिलका वस्तुहरू, ऊनी गलैंचा, टेक्सटाइल, तयारी पोसाक, दाल, जुटका झोला तथा बोराहरू, तामाका वस्तुहरू, पस्मिना, चिया, अलैंची आदि रहेका छन् । आयात भइरहेका वस्तुहरूमा पेट्रोलियम पदार्थ, फलाम र स्टिल तथा तिनका उत्पादनहरू, मेसिनरी तथा पार्टपुर्जा, यातायातका साधनहरू, इलेक्ट्रिक पार्ट्स आदि रहेका छन् । स्मरण गराइन्छ कि आव २०७०-७१ मा नेपालको पहिलो निकासी वस्तुमा धागो रहेको थियो । अब ५० वर्षको अवधिमा नेपालको निकासीमा तयारी पोसाक र गलैंचाको प्रभुत्व हट्न गएको छ ।

नेपालको आयात तथा निर्यात व्यापारमा भारत सयौं वर्षअघिदेखि मुख्य साझेदारीका रूपमा रहँदै आएको छ । विगत पाँच वर्षको अर्थात् आव सन् २००६-०७ देखि २०१०-११ सम्मको अवधिमा नेपालको कुल निर्यातमा भारतको हिस्सा ६४ देखि ७१ प्रतिशतसम्म र नेपालको कुल आयातमा भारतको हिस्सा ५९ देखि ६५ प्रतिशतसम्म रहेको छ । भारतसँग आव २००६-०७ मा रु. ७४ अर्ब व्यापारघाटा रहेकोमा हरवर्ष व्यापारघाटा बढी आव २०१०-११ मा रु. २ खर्ब १६ अर्ब पुगेको छ । यसरी पाँच वर्षको अवधिमा अर्थात् २००६-०७ देखि २०१०-११ सम्म भारतसँग निर्यात २.७ प्रतिशतले मात्र वृद्धि भई आयात १ सय २४ प्रतिशतले वृद्धि भएको छ । त्यस हिसाबले व्यापारघाटा १ सय ९२ प्रतिशतले वृद्धि भएको थियो ।

तर आव सन् २०११-१२ देखि २०१६-१७ अर्थात् ६ वर्षको अवधिमा नेपालको निकासी अर्ब रु.मा क्रमशः ७४, ७७, ९१, ८६, ७१ र ७३ रहन गएको छ । यसरी हेर्दा निकासी रु. १ खर्ब पनि भएको छैन । जबकि नेपालको आयात एक वर्षमा रु. ११ सय अर्ब अर्थात् ११ खर्ब नाघिसकेको छ । यसबाट के थाहा हुन्छ भने नेपालको भारतमा निर्यात ज्यादै कम छ र भारतबाट आयात नेपालको आयातको अत्यधिक ६५ प्रतिशत र निकासीमा भारतको हिस्सा करिब ५६ प्रतिशत रहेको छ ।

नेपालबाट भारतमा निर्यात हुँदै आएको वस्तुमा पाम आयल, सोयाबिन आयल, जिंक सिट, जुटका सामान, धागो, एमएस पाइप, प्लास्टिकका सामान, जुस, अलैंची, तार, आयुर्वेदिक औषधि, कपडा, टुथपेस्ट, जुत्ता तथा चप्पल, छाला, घिउ आदि वस्तुहरू मुख्य छन् । त्यसैगरी भारतबाट आयात भएका मुख्य वस्तुहरूमा पेट्रोलियम पदार्थ, एमएस बिलेट, यन्त्र तथा पार्ट्स, रासायनिक मल, औषधि, विद्युतीय सामान, पाइप तथा पाइप फिटिङ्स, एमएस वायर, कृषि उपकरण, कपडा, सिमेन्ट आदि वस्तुहरू रहेका छन् । नेपालको भारतसँग आयात व्यापारमा निर्भरता बढ्दो प्रवृत्तिले नेपालले भारतमा निकासी बढाउने थप प्राथमिकतातर्फ ध्यान जानु आवश्यक छ, । नेपालको बर्सेनि बढ्दै गएको भारतसँगको व्यापारघाटालाई कम गर्ने उपायहरू अपनाउन जरुरी छ ।

स्मरण गराइन्छ कि नेपाल र भारतबीच छुट्टाछुट्टै द्विपक्षीय व्यापार, रेल तथा पारवहन सन्धिहरू रहेका छन् । नेपाल-भारत व्यापार सन्धिअनुसार नेपालमा उत्पादन भएका सबैजसो वस्तुमा भारतीय बजारमा भन्सारमुक्त प्रवेश सुविधा प्राप्त छ, तर व्यावहारिक कठिनाइ विद्यमान देखिन्छ ।

नेपालको समुद्रपार देशसँग हुने सबैजसो व्यापार भारतको कोलकाता हल्दिया र विशाखापटनम बन्दरगाहमार्फत नै हुने गरेको छ । नेपालको आयात-निर्यात ढुवानी आयतन विश्लेषण गर्दा नेपाल प्राकृतिक रूप नदीमार्फत जोडिएको कोलकाता बन्दरगाह नेपालको निर्यात ढुवानीलाई कायमै राख्दै नेपालको आयात ढुवानीका लागिमात्र विशाखापट्नम प्रयोगमा ल्याउन भारतसँग अनुरोध गर्नुपर्ने देख्छु ।

नेपालको बङ्गलादेशसँगको व्यापारलाई सहजीकरण गरी प्रवर्द्धन गर्न रोहनपुर-सिंहवाद रेल नाकालाई थप पारवहन मार्गका रूपमा सञ्चालनमा ल्याउन नेपाल-भारतबीच हुने एलओई तयार छ भनिएको निकै भयो, तर यो व्यवहारमा छैन । तर भारत र बंगलादेशले नेपाललाई यो रेल मार्ग दिने निश्चित गरेका छन् । साथै नेपालको बंगलादेशसँग छुट्टै पारवहन सम्झौता भएको धेरै वर्ष गइसकेको छ । तैपनि नेपालको निकासी बढ्न सकेको छैन । नेपालको अर्को मुख्य व्यापारिक आयातकर्ता चीन रहँदै आएको छ । आ.व. २००६-०७ देखि २०१०-११ सम्म नेपालको कुल निर्यातमा चीनको अंश १.४ देखि ३.१ प्रतिशतसम्म सीमित छ । तर, नेपालको कुल आयातमा उल्लिखित पाँच वर्षमा चीनको सहभागिता ८ देखि १२ प्रतिशतसम्म रहेको छ । चीनमा आव २००६-०७ मा रु. १.२ अर्बको निर्यात भएकोमा आव २०१०-११ मा करिब रु. ९३ करोड मात्र निर्यात भई चीनतर्फको निर्यात बढ्न सकेको छैन् । नेपालको चीनबाट आयात २००६-०७ मा रु. १७ अर्ब रुपैयाँ भएकोमा आव २०१०-११ मा आयात ४७ अर्ब पुगेको छ भने चीनसँगको व्यापारघाटा ४६ अर्ब भएको छ । नेपालबाट चीनमा निर्यात भएका वस्तुहरूमा तामा तथा तामाका वस्तुहरू, वनस्पति घिउ तथा तेल, चाउचाउ, हस्तकलाका सामग्री, जडीबुटीहरू मुख्य छन् । नेपालमा चीनबाट आयात भएका वस्तुमा दूरसञ्चारका उपकरण, विद्युतीय तथा मेसिनरी उपकरण, लत्ताकपडा, प्लास्टिक, फलाम तथा फलामका वस्तुहरू रहेका थिए ।

तर सन् २०११-१२ देखि २०१६-१७ सम्म नेपालबाट चीनतर्फ निकासी रु. अर्बमा क्रमशः १.२, २.५, ३.३, २.६, २.५ र २ अर्ब रहेको छ । नेपालको निकासीमा सन् २०१६-१७ मा चीनको हिस्सा २.८ प्रतिशत मात्र छ । चीनसँग पनि नेपालको व्यापारघाटा रु. १.३ खर्बको रहेको छ । निर्यात र आयात भएका वस्तुका प्रकृति पहिलेजस्तै छन् ।

यसबाट के थाहा लाग्छ भने नेपालको कुल वैदेशिक व्यापारको ७५ प्रतिशतजति व्यापार भारत र चीनसँग छ र कुल वैदेशिक व्यापारघाटाको ७८ प्रतिशतजति व्यापारघाटा यी दुई देशसँग रहेको छ । आव २०१०-११ मा नेपालबाट भारत र चीनबाहेक तेस्रो मुलुकहरूतर्फ कुल निर्यातको ३२.२ प्रतिशत र कुल आयातको २३.१ प्रतिशत व्यापार भएको छ । सन् २०१६-१७ मा नेपालबाट भारत र चीनबाहेक तेस्रो मुलुकहरूतर्फ नेपालको निर्यातको ४० प्रतिशत र आयातको २१ प्रतिशत रहेको छ ।

समुद्रपार देशहरूमा निर्यात भएका वस्तुहरूमा सामान्यतः ऊनी गलैंचा, पस्मिना, दाल, प्रशोधित छाला, चिया, चाँदीका गरगहना, जडीबुटी, नेपाली कागज र कागजबाट बनेका वस्तु, तथा हस्तकलाका सामान, तयारी पोसाक रहेका छन् । तर, यी देशबाट आयात भएका वस्तुमा सुन, तयारी पोसाक, स्टिल रड र पाता, मेसिनरी र यसको पार्टपुर्जा, औषधि, खाने तेल, विद्युतीय सामान, कच्चा पाम तेल, एमएस बिलेट, यातायातका उपकरण र पार्ट्स आदि थिए ।

आव २०६७(६८ देखि निकासीकर्ताहरूलाई प्रोत्साहनस्वरूप निर्यातमा नगद प्रोत्साहनको व्यवस्था सुरु गरिएको छ । नेपालको निर्यातका नयाँ बजारको खोजी गरी थप राष्ट्रहरूसँग द्विपक्षीय व्यापार सन्धि सम्झौता बढाउने नीतिअनुरूप अप्रिल, २०११ मा अमेरिकासँग व्यापार तथा लगानी संरचनासम्बन्धी सम्झौता टिफा गरिसकिएको छ । यस सम्झौताअन्तर्गत व्यापार तथा लगानी परिषद्को बैठक सन् २०१२ मा काठमाडौंमा भएको थियो । नेपालको निर्यात सम्भाव्य अरू देशका बजारहरूसँग थप व्यापार सन्धि गरी निकासी प्रवर्द्धन गर्ने लक्ष्य छ । तर, टिफाको बैठक एकोरोहो रूपमा काठमाडौंमा नबसी अमेरिकामात्र बसी सम्पन्न गरेको देखिन्छ । यसरी हेर्दा फलदायी केही नपाउने र नेपाली पदाधिकारीलाई अमेरिका भ्रमण गर्ने उपायजस्तो भएको छ । यसले वा टिफा गठनपश्चात् नेपालको अमेरिकातर्फ कत्तिको निकासी बढायो त ? नेपाल दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र सम्झौता साफ्टा तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास बिमस्टेकजस्ता क्षेत्रीय व्यापार संगठनमा क्रियाशील रहँदै आएको छ । यस्तो क्षेत्रीय अवधारणामार्फत व्यापारमा अधिकतम सहजीकरण तथा क्षेत्रीय एकीकरण गर्दै फइदा पाउनका लागि व्यापारमा खास बढोत्तरी हुन नसकेको अवस्था छ । यस क्षेत्रको विकासका लागि सम्भावना रहेको सेवा व्यापारलाई कार्यान्वयन गर्न सेवा व्यापार सम्झौता सतिस भइसकेको छ । यसका साथै बिमस्टेक स्वतन्त्र व्यापार सम्झौताले समेट्ने वस्तु व्यापार, सेवा व्यापार र लगानीमध्ये वस्तु व्यापारसम्बन्धी सम्झौता भएको छ । यसका साथै नेपाल एसिया प्रशान्तक्षेत्रीय व्यापार सम्झौता एपीटीएमा पर्यवेक्षकका रूपमा छ । नेपालले एपीटीएको सदस्यता लिई फाइदा लिन सकेन । एपीटीएको स्थापनामा नेपाल अबजर्भर थियो, तर पछि क्रियाशील भएन नेपाल साफ्टा व्यापार उदारीकरण कार्यक्रम टी.एल.पी. अन्तर्गत भन्सार दरलाई क्रमशः घटाई सन् २०१६ को जनवर ीसम्ममा शून्यदेखि ५ प्रतिशतमा राख्नुपर्ने प्रावधान रहेकाले भन्सार दर घटाउँदै लग्नुपर्ने कार्य क्रमिक रूपमा ल्याइँदैछ । साफ्टा संवेदनशील सूचीमा समावेश भएका वस्तुहरूमध्ये २० प्रतिशत वस्तुहरूलाई सो सूचीबाट हटाउन त्यस्तो सूची नेपालले सार्क सचिवालयमा पठाइसकिएको थियो, तर भनिएको जस्तो समयमा गरिआएको छैन ।

व्यापार क्षेत्रलाई उदार, प्रतिस्पर्धी र बजारोन्मुख बनाउने उद्देश्यले समय-समयमा विभिन्न नीतिगत तथा संस्थागत सुधारका प्रयासहरूलाई अघि बढाउँदै लगिएको छ । यस क्रममा नेपालको विश्व व्यापार संगठनमा प्रवेश, साफ्टा र बिमस्टेकजस्ता क्षेत्रीय व्यापार प्रणालीहरूसँगको आबद्धतासमेतले आएको परिवर्तनलाई समेटन वाणिज्य नीति, २०६५ पछि २०७२ कार्यान्वयनमा आएको छ र रणनीति, २०७३ ले निकासी प्रवर्द्धन गरिआएको छ । । यससहित प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण, वित्तीय कारोबार, कम्पनी सञ्चालन, भन्सारसम्बन्धित नयाँ ऐन तथा नियमावलीहरू जारी भई कार्यान्वयनमा छन् । २०७३, ०७४ र ०७५ सालमा अनगिन्ती ऐनहरू बने र २०७६ सालमा त नीतिहरू पनि परिमार्जन गरिए ।

विभिन्न नीतिगत तथा संरचनागत सुधारपश्चात् नेपालको वैदेशिक व्यापारमा आयातको तुलनामा निर्यात कम भई हरवर्ष व्यापारघाटा बढ्दै गएको र यसले शोधनान्तर स्थितिमा समेत प्रतिकूलता भएको छ ।

नेपालमा व्यापारका लागि सहयोग परिचालन सन् १९९० को दशकदेखि सुरु भए तापनि सन् २००५ मा हङकङमा सम्पन्न विश्व व्यापार संगठनको बैठकको निर्णयपश्चात् यसलाई व्यवस्थित गर्ने प्रयास भएको पाइन्छ ।

एनटीआईएस, २०१० सहित रणनीति, २०७३ का प्रावधान कार्यान्वयन गर्ने सन्दर्भमा जर्मन संस्था जीआईजेडबाट डब्ल्यूटीओ प्रतिबद्धताप्रति र अमेरिकी सहयोग संस्थाबाट एकीकृत रणनीतिको कार्यान्वयनका लागि सहयोगका विभिन्न कार्यक्रम सुरु भइसकेका छन् । डीएफआईडी र इसीले एनआईटीएस, २०१० र २०७३ सालको कार्यान्वयनका लागि सहयोग गर्ने व्यक्त गरिएका छन् । दीर्घकालीन रूपमा नेपालको व्यापारका लागि सहायता परिचालनका लागि क्षेत्रगत अवधारणको कार्यान्वयनमा छ ।

नेपाल-भारतबीच सन् २०१६ भएको नयाँ वाणिज्य सन्धि तथा अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताले भार तसँगको व्यापारलाई सहजीकरण गर्न सहयोग पुगेको छ । व्यापारको संस्थागत विकासका लागि पहिलेको नीतिका बोर्ड अफ ट्रेड, तयारी पोसाक निर्यात प्रवर्द्धन समिति, उच्च निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन एकाइ र नेपाल र भारत र चीन, अमेरिकाबीच छुट्टाछुट्टै अन्तरसरकारी समिति कार्यारत छन् । व्यापार नीति, २०७२ र रणनीति, २०७३ आएपछि माथि उल्लेख गरिएका संस्थागत प्रयास कता गए ।

नेपालमा ध्यान दिनुपर्ने अन्तर्राष्ट्रिय समस्यामा अधिकांश निर्यातयोग्य वस्तुहरू आयातित कच्चा पदार्थमा र न्यूनतम मूल्य अभिवृद्धिमा आधारित छन् । निर्यातयोग्य कृषि क्षेत्रका वस्तुहरूका व्यावसायिक उत्पादन हुन नसक्नु अर्को समस्या रहेको छ । अरू अन्तर्राष्ट्रिय व्यापारका समस्याहरूमा लगानी एवम् व्यापारमैत्री वातावरणको कमी, निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य आर्थिक क्षेत्रहरूसँग एकीकृत गर्न नसक्नु, आपूर्तिजन्य कठिनाइहरू विद्यमान रहनु, प्रमुख निकासीजन्य वस्तुहरूको गुणस्तरमा कमी, असहज श्रम सम्बन्ध, ऊर्जा संकटले उत्पादन लागतमा बढी आदि मुख्य छन् । अरू समस्यामा उत्पादक तथा निर्यातकर्ताहरूलाई अन्तर्राष्ट्रिय ट्रेडमार्कको उपयोगतर्फ परिचालन गर्न नसक्नु, गुणस्तरमा प्रमाणीकरण र सोसम्बन्धी आधारभूत प्रयोगशाला, कानुन र जनशक्तिको कमी, तुलनात्मक लाभका विशिष्ट क्षेत्रहरूमा प्रतिस्पर्धात्मक लाभको विकास गर्न अत्यावश्यक लगानी हुन नसक्नु र छिमेकी देशहरूसँग पारवहन प्रक्रियाजन्य कठिनाइका कारण निर्यातजन्य वस्तुको कारोबार लागत उच्च रहेको छ । *(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायब कार्यकारी निर्देशक हुन् । डा. रेग्मी निकासी व्यवस्थापनमा विद्यावारिधिप्राप्त जानकार हुन् ।)*

# सीमा सुरक्षा : अलमल र चुनौती

❖विष्णु सुवेदी

हाम्रो सीमा सुरक्षा कहिल्यै पनि प्राथमिकताको विषय बनेन । राज्यले पनि खासै चिन्ता लिएन, नागरिकलाई पनि त्यति चासो भएन । एउटा नितान्त प्राविधिक अनि 'टेबल एजेन्डा'का रुपमा यसलाई सधै फाइलभित्रै सीमित राखियो । सीमा सुरक्षा मामिलामा दलहरु पनि कहिल्यै गम्भीर भएनन् । सीमा विवाद बेलाबखत राजनीतिक मुद्दाको रुपमा चर्किने र सेलाउने गरे पनि यसको सुरक्षा संवेदनशीलता बुझ्ने कोसिस राजनीतिक तहबाट भएन । खाली सीमा मिचिएको विषयलाई राजनीतिक मुद्दाका रुपमा उठाउने र चुनावी फन्डाको रुपमा उपयोग गर्ने गरेको मात्र देखियो । सीमा विवादको वैज्ञानिक र दीगो समाधानका लागि राजनीतिक तहबाट वा कुटनीतिक स्तरबाट प्रभावकारी पहल हुन सकेन ।

हाम्रो सीमाको सुरक्षा संवेदनशीलतालाई झस्काइदिने पछिल्ला दुई घटनालाई हेरौं । नेपाली भूमि मिचेर हुम्लाको नाम्खामा चिनिया पक्षले नौ वटा भवन बनाएको खुलासा भएपछि यही असोज ५ गते अनुगमनमा गएको प्रमुख जिल्ला अधिकारीसहितको टोलीलाई चिनिया पक्षले माइकबाटै 'हाम्रै भूमिमा बनाएको' भन्दै फर्काइदिएको छ । फिल्डबाट 'रिपोर्ट' नआउँदै सरकारले हतारमा प्रतिक्रिया दिएर चिनियाँ दाबीलाई सदर गर्न खोजेको देखिन्छ । तर वास्तविकता त्यस्तो नहुन सक्छ । अर्कोतिर वर्षौंदेखि नेपाली भूमि कालापानीमा सुरक्षा पोस्ट राखेको भारतले त्यही क्षेत्रमा एकातर्फी रुपमा सडकको निर्माण सकाएर 'लकडाउन' को मौका छोप्दै वैशाखको अन्तिम हप्ता उद्घाटन समेत गर्‍यो । नेपाली भूमि लिपुलेक हुँदै चीनको मानसरोबार जाने त्यो सडक अहिले चालु छ । यी दुई प्रतिकात्मक प्रकरण मात्र हुन् । उत्तर र दक्षिण दुवैतिरको सीमामा यस्ता कैयन् घटना छन् तर सबै बाहिर आएका छैनन् ।

**अलमल र औपचारिकता**

सीमा सुरक्षा राष्ट्रिय सुरक्षाको एउटा महत्वपूर्ण अंग हो । तर यो विषय सधै ओझेलमा पर्‍यो वा पारियो । राष्ट्रिय सुरक्षा नीति २०७३ ले पनि सीमा सुरक्षा र सीमा अतिक्रमणलाई राष्ट्रिय सुरक्षाको बाह्य चुनौती र खतराको रुपमा औंल्याएको छ । सीमाको प्रभावकारी नियमन, व्यवस्थापन र नियन्त्रणमा जोड दिएको छ ।

सीमा सुरक्षाको अवधारणामै अलमल देखिन्छ । सीमामा हुने अपराध तथा अवाञ्छित गतिविधि नियन्त्रण र फौजको भौतिक उपस्थितिसँग मात्रै यसलाई जोडेर हेरिन्छ । त्यो गलत हो । बदलिएको सुरक्षा परिभाषा र परिवेशअनुसार यसलाई स्पष्ट गर्नु आवश्यक छ । किनभने राष्ट्रिय सुरक्षा सुनिश्चित गर्ने एउटा प्रभावकारी उपाय सुदृढ सीमा सुरक्षा र व्यवस्थित नियमन हो ।

सशस्त्र प्रहरी बलले सीमा सुरक्षाको जिम्मा लिनुअघि सीमामा खासै व्यवस्थित नियमन थिएन । सीमा प्रहरी चौकी भनेर राखिए पनि निजामती प्रशासनको भूमिका हावी हुन्थ्यो । सीमा सुरक्षाको निर्णायक भूमिकमा सुरक्षा निकाय थिएन, भन्सार र अध्यागमनको सहयोगी भूमिका मात्रै थियो । २०५८ मा सशस्त्र प्रहरी बल ऐन जारी भएपछि सशस्त्रले सीमा सुरक्षाको औपचारिक जिम्मेवारी पाएको हो । तर सशस्त्र द्वन्द्वको अन्त्यसँगै २०६३ पछि मात्रै सशस्त्रले सीमा सुरक्षाको काम अलि व्यवस्थित रुपमा गर्न थालेको हो । जिम्मेवारी तोकिए पनि सीमा सुरक्षाको निर्णायक भूमिका निजामती नेतृत्व हावी भयो । सीमा सुरक्षाको योजना तथा रणनीति निजामति आदेश र औपचारिकतामै बढी अल्झियो ।

**नयाँ नक्सा र पेचिलो भूपरिवेश**

नेपालको भारततर्फ दक्षिण, पूर्व र पश्चिममा फैलिएको १,७५१ किलोमिटर लामो खुल्लामा २१ मुख्य र ४४ सहायक गरी डेढसय भन्दा बढी नाका अस्तित्वमा छन् । त्यसैगरी उत्तरतर्फ चीनसँगको १,४१४ किलोमिटर लामो सीमामा सातावटा मुख्य नाका प्रचलनमा छन् ।

उत्तरतिर कठिन भूगोल र कम पहुँच भएकोले खासै सीमा समस्या बाहिर आएको छैन । तर उत्तर ढोका पनि समस्यामुक्त छैन भन्ने संकेत पछिल्लो नाम्खा प्रकरणले दिएको छ । दक्षिणतिर वर्षौदेखि सीमा विवाद बल्झिँदै आएको छ । कालापानी सुस्तासहित बीसभन्दा बढी जिल्लाका सत्तरीभन्दा बढी स्थानमा सीमा विवाद छ । नयाँ नक्सा जारी भएपछि सीमा विवादले अलि जटिल मोड लिएको हो । भारतले सीमामा सुरक्षा सरोकार र सतर्कता ह्वात्तै बढाएको छ । नयाँ नक्सा जारी भएपछिको भारतसँगको असहज सम्बन्ध, भारत र चीनबीचको तनावसँगै उत्पन्न भूराजनीतिक तरंगले सीमा सुरक्षाको चुनौतीलाई थप पेचिलो बनाएको छ । कोरोना महामारी नियन्त्रणको रणनीति, आतंककारी गिरोहको अन्तर्राष्ट्रिय संजाल, धार्मिक तथा सांस्कृतिक उपनिवेशको दबाब र द्वन्द्वका कारण पनि सीमा सुरक्षा संवेदनशील बन्दै गएको छ ।

चारैतिर फैलिएको खुला सीमालाई पुरै सिल वा तारबार गर्न संभव छैन । अहिलेको डिजिटल युगमा त्यो परम्परागत सोच र रणनीति व्यवहारिक पनि हुँदैन । तर खुला सीमाको व्यवस्थित नियमन र सुरक्षा निगरानी आवश्यक छ । यसले सीमामा हुने घुसपैठ तथा अपराधिक गतिविधि मात्रै नियन्त्रण हुने होइन, राष्ट्रिय सुरक्षालाई थप सुदृढ तुल्याउन पनि मद्दत पुग्छ ।

**संयन्त्र थुप्रै, समन्वयमा सकस**

कानुनमा सीमा सुरक्षाको जिम्मेवारी सशस्त्रलाई तोकिए पनि योसँग जोडिएका संयन्त्र थुप्रै भएकोले समन्वयमा सकस देखिन्छ । गृह तथा परराष्ट्र मन्त्रालयअन्तर्गत सीमा हेर्ने संयन्त्र छन् तर तीनको भूमिका औपचारिकतामै बढी अल्झिएको छ । नीतिगत र संरचनागत स्पष्टता नहुँदा पनि सीमा सुरक्षा प्रभावकारी हुन सकेको छैन । नेपाली सेनाले मुलुकको अन्तर्राष्ट्रिय सीमा सुरक्षा समन्वय र सूचना सङ्कलन गर्न हालै एउटा निर्देशनालय स्थापना गरेको छ । सीमासम्बन्धी अध्ययन, अनुगमन र नियमन तथा सीमा सुरक्षासम्बन्धी निर्णय तथा नीतिगत तहमा सेनाको सहभागिता देखाउने उद्देश्यले यो संयन्त्र बनाइएको हो । सीमा सुरक्षा मामिलाको अनुसन्धान तथा सूचना संकलनका लागि सेनाले थालेको यो प्रयास नराम्रो अभ्यास होइन । तर एउटा निकायलाई राज्यले जिम्मेवारी तोकेर काम भइरहेको अवस्थामा अर्को निकायले पनि त्यही प्रकृतिको भूमिका देखाउन खोज्दा अनावश्यक अलमल र जटिलता आउनसक्छ । यसतर्फ राज्य नेतृत्वको ध्यान जानुपर्छ ।

**कसिँदै सुरक्षा र बदलिएको सीमा परिवेश**

सीमा सुरक्षाको जिम्मेवारी पाएको सशस्त्रले पछिल्लो समय सीमामा आफ्नो उपस्थिति विस्तार गर्दै लगेको छ । अहिलेसम्म सशस्त्रले १५८ वटा बोर्डर आउट पोस्ट (बीओपी) स्थापना गरिसकेको छ । यसलाई पाँचसय पुर्‍याउने लक्ष्यसहित काम भइरहेको छ । पाँच सय बिओपी पुर्‍याउन अहिलेकै जनशक्तिले नभ्याउने भएकोले आवश्यक पर्ने करिब दस हजार जनशक्ति थप्न प्रस्ताव गृहमन्त्रालयमा पेस भइसकेको छ । अहिले सशस्त्रसँग जम्मा ३७ हजार जनशक्ति छ ।

भारततर्फ प्रत्येक २.५ किलोमिटरको दुरीमा सीमा सुरक्षा बल (एसएसबी) तैनाथ गरिएको छ । करिब सबा लाख जनशक्ति रहेको एसएसबीको ठूलो हिस्सा नेपाल र भुटानको सीमामा खटिएको छ । झन्डै पाँचसयभन्दा बढी बिओपी खडा गरिसकेको छ । सीमित साधन स्रोत र अनेक चुनौती सामना गर्दै सीमा सुरक्षामा सशस्त्रले निर्वाह गरेको भूमिकाको राज्य नेतृत्व र नागरिक दुवै तहबाट सराहना भएको छ । कोरोना महामारीका बेला पनि त्रिपाल र स्याउले छाप्रोको आश्रय लिएर सशस्त्रले सीमा सुरक्षामा निर्वाह गरेको भूमिका साच्चिकै साहसिक छ । नयाँ नक्सा जारी भएपछिको भारतसँगको असहज सम्बन्ध, भारत र चीनबीचको तनावसँगै उत्पन्न भूराजनीतिक तरंगले सीमा सुरक्षाको चुनौतीलाई थप पेचिलो बनाएको छ । कोरोना महामारी नियन्त्रणको रणनीति, आतंककारी गिरोहको अन्तर्राष्ट्रिय संजाल, धार्मिक तथा सांस्कृतिक उपनिवेशको दबाब र द्वन्द्वलगायतका कारण पनि सीमा सुरक्षा संवेदनशील बन्दै गएको छ ।

सुरक्षा उपस्थितिपछि सीमावर्ती क्षेत्रको परिवेश नै बदलिएको छ। सीमा अपराध एवं तस्कारी धेरै हदसम्म नियन्त्रण भएको छ । पारीबाट हुने मनोवैज्ञानिक दबाब र त्रास हटेको छ । गाउँ छोडेका स्थानीय फर्केर खेतीपाती थालेका छन् । सुरक्षा उपस्थिति नरहेका दार्चुलाको छाङरुजस्ता विकट नाकामा पहिले दैनिकजसो भारतीय फौजको हेलिकोप्टरले गस्ती गरेर त्यहाँका स्थानीयलाई मनोवैज्ञानिक त्रास दिने काम हुन्थ्यो । अहिले त्यो रोकिएको छ ।

यो बीचमा भारतीय पक्षबाट जबरजस्ती र तनावका थुप्रै घटना भएका छन् र बेलाबखत झडप तथा गोली हानाहानको अवस्था पनि आएको छ। सीमामा कार्यरत भारतीय सुरक्षा निकायसँगको निरन्तर सम्वाद र सहकार्यका कारण अहिलेसम्म कुनै अप्रिय अवस्था आएको छैन । भारतीय पक्षसँग डिल गरेर अवस्थालाई सामान्य तुल्याउन सशस्त्र नेतृत्वबाट भएको सुझबुझसहितको पहल महत्वपूर्ण छ ।

**अलग्गै कानुन आवश्यक**

बदलिँदो विश्व शक्ति संरचना एवं भूराजनीतिक परिवेशसँगै प्रवाहित सामरिक स्वार्थहरू तथा सीमा सुरक्षाका चुनौतीको विश्लेषण गर्दै सीमा नियमनसम्बन्धी अलग्गै कानुन बनाउन आवश्यक छ । सीमा सुरक्षामा सशस्त्रको भूमिकालाई अझ स्पष्ट रुपमा परिभाषित गरेर अहिलेको संरचनागत जटिलता र समन्वयात्मक अलमललाई अन्त्य गर्नुपर्छ ।

सीमासम्बन्धी अलग्गै छाता ऐन भएमा सीमा सुरक्षा तथा नियमनको काम अझ प्रभावकारी हुनसक्छ । लागुऔषध ओसारपसार, मानव बेचबिखन, सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्यमा लगानी, संगठित अपराध, भन्सार, स्थानीय प्रशासन, हातहतियार तथा खरखजानालगायतका थुप्रै ऐन र कानुनी व्यवस्थाबाट निर्देशित भएर सशस्त्रले काम गर्नुपर्ने अलि असहज अवस्था छ । धेरै कानुन र संरचनाबाट निर्देशित भएर काम गर्दा बेलाबेलामा अनेक असमझदारी र अलमल आउने गरेका छन् । सीमाको भौगलिक अवस्थितिको निरन्तर नजिकबाट अध्ययन र अवलोकन गर्ने राज्यको एउटै निकाय सशस्त्र हो । उसले सीमा सुरक्षाको व्यवस्थित अभिलेखसमेत तयार गरेको छ । जिआइएस प्रणालीबाट सीमा स्तम्भहरुको अवलोकन गर्दै त्यसको अद्यावधिक अभिलेखसमेत सरकारलाई बुझाइसकेको छ । सीमा सुरक्षाको रणनीति र योजनाका लागि सशस्त्रको अध्ययन र अभिलेख महत्वपूर्ण आधार हुनसक्छ । जस्तै, छिमेक भारतमा सीमादेखि पाँच किलोमिटर आसपासको क्षेत्रमा हुने आतंककारी गतिविधिको अनुसन्धान गर्ने र पक्राउ गर्नेसम्मको अधिकार एसएसबीलाई दिइएको छ । त्यसमा राजनीतिक तथा प्रशासनिक तहबाट कुनै हस्तक्षेप हुँदैन । चीनमा पनि त्यहाँको सेनाले सीमा हेर्न अलग्यै विशेष फोर्स खटाएको छ । सशस्त्रलाई भीभीआइपीका अगुवा पछुवा तथा निजी सुरक्षालगायतका खुद्रा खटनपटनमा पनि अल्झाउनु भन्दा आधारभूत आवश्यकता र अधिकार प्रदान गरेर सीमा सुरक्षामा केन्द्रित गर्नु आवश्यक देखिन्छ । कानुनी जटिलता एवं प्रशासनिक झमेला झेल्दै स्याउले छाप्रो र जस्तामा अडिएर हाम्रो सशस्त्रले दुवै छिमेकीबाट विस्तारित शक्तिशाली सुरक्षा संयन्त्रलाई कहिलेसम्म सामना गर्नसक्ला ?अब राज्यले अलि गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ ।

# एसिड छ्याापे २० वर्ष कैद र १० लाख जरिवाना

*झापा (प्रस)* । सरकारले तेजाब (एसिड) सम्बन्धी कसुर नियन्त्रण गर्न अध्यादेशमार्फत नयाँ कानुन ल्याउने तयारी गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद बैठकले तेजाबसम्बन्धी अध्यादेश पारित गर्दै राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरिसकेको छ ।

मन्त्रिपरिषदबाट पारित फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्न बनेको अध्यादेशमा पहिलेभन्दा कडा प्रावधान समेटिएको छ । अब तेजाब फ्याँकी, छर्किई, खन्याई वा प्रयोग गरी वा सेवन गराई अङ्गभङ्ग तुल्याएमा र शारीरिक क्षति पुऱ्याएमा २० वर्षसम्म कैद सजाय र १० लाख रुपैयाँसम्म जरिवाना निर्धारण गरिएको छ ।

फौजदारी अपराध संहिताको दफा १९२ र १९३ संशोधन गरी तेजाबजस्ता घातक रसायन छ्यापी दुवै आँखा जले, दृष्टि गुमेमा, दुवै कान जली क्षति भई सुन्ने शक्ति नष्ट भए वा कानको जाली क्षति भई काम नलाग्ने भएमा, अनुहार पूर्णरूपमा जलेमा, वक्षस्थल (स्तन), यौनाङ्ग आदि जलेर क्षति भए बीस वर्षसम्म कैद र १० लाख रुपैयाँ जरिवाना निर्धारण गरिएको छ । यो सजाय एक दिन पनि माफी-मिनाहा नहुने र पूरै अवधि जेल बस्नुपर्ने प्रावधान राखिएको छ ।

संशोधित संहितामा तेजाव प्रयोग गरेर एउटा आँखा, एउटा कान, जले, क्षति पुगे, अनुहार कुरुप भए, एउटा स्तन जले दुवै हात जली काम नलाग्ने भएमा, गोडा पूर्णरूपमा जलेर काम नलाग्ने भएमा, टाउकाको कुनै भाग, मेरुदण्ड जलेमा सात देखि दश वर्ष कैद सात लाखदेखि दश लाखसम्म जरिवाना निर्धारण गरिएको छ ।

त्यस्तै तेजाब छ्यापेर शरीरको कुनै अङ्गमा गति भएमा कसुरको प्रकृतिअनुसार पाँचदेखि दश वर्षसम्म कैद र एक लाखदेखि पाँच लाख जरिवाना निर्धारण गरिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष निर्देशन दिएपछि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले मस्यौदा गरेर ऐन बनाएको हो ।गत २५ भदौमा प्रधानमन्त्री निवास बालुवाटारमा एसिड आक्रमणका पीडितसँग सामूहिक छलफलका क्रममा प्रधानमन्त्री ओलीले कडाभन्दा कडा कानुन बनाएर १५ दिनभित्र मन्त्रिपरिषदमा पेस गर्न निर्देशन दिएका थिए ।

# व्यापार घाटाभन्दा साढे १६ अर्ब बढी भित्रियो रेमिट्यान्स

*झापा (प्रस)* । चालु आर्थिक वर्षको पहिलो महिनामा रेमिट्यान्समा उच्च वृद्धि भएको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको साउन महिनाको वित्तीय स्थितिअनुसार रेमिट्यान्स आप्रवाह २३ प्रतिशतले वृद्धि भई ९२ अर्ब ७१ करोड पुगेको छ।

साउन महिनामा भित्रिएको रेमिट्यान्स सोही अवधिमा मुलुकको ब्यापार घाटाभन्दा १६ अर्ब ५२ करोड बढी हो। भित्रिएको रेमिट्यान्स कुल आयात बस्तुको मूल्यभन्दा ६ अर्ब ९० करोड बढी हो।

रेमिट्यान्समा साउनमा उल्लेख्य वृद्धि देखिनुमा ४-५ वटा कारण रहेको बताउँछन् राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्ट।

पछिल्लो समय विश्वव्यापी रुपमै रेमिट्यान्सको अवस्था सुधार हुँदै गएको र त्यसको प्रभाव नेपालमा पनि परेको उनले बताए।

रेमिट्यान्स आउने मुख्य देशहरुमा निर्माण क्षेत्र चलायमान हुँदै जान थालेको र त्यसले रेमिट्यान्समा प्रभाव पार्नु अर्को कारण रहेको उनले औंल्याए।

'त्यति मात्रै होइन, औपचारिक माध्यमबाट आउने रकमको प्रवाह बढ्दा पनि रेमिट्यान्समा सकारात्मक प्रभाव देखिएको हो, बैंकिङ प्रणालीबाट आउने रेमिट्यान्स बढेको छ' भट्टले भने।

चैत, वैशाखतिर रोकिएको रेमिट्यान्स साउनमा थपिँदा पनि त्यसको असर अहिले देखिएको उनले बताए।

विदेशमा रोकिएकाहरु साउनमा फर्केर आउँदा पनि रेमिट्यान्स ल्याएकाले त्यसको पनि केही असर देखिएको उनले बताए।

चालु आर्थिक वर्षको पहिलो महिनामा व्यापार घाटा ७६ अर्ब १९ करोड रुपैयाँमा सीमित भएको छ। समीक्षा अवधिमा ब्यापार घाटा घाटा २२ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १३.९ प्रतिशतले ह्रास आएको थियो। यस महिनामा कुल वस्तु आयात १९.६ प्रतिशतले घटेर ८५ अर्ब ८१ करोड कायम भएको छाअघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ११.५ प्रतिशतले घटेको थियो।

वस्तुगत आधारमा चामल, दूरसंचारका उपकरण तथा पार्टपुर्जा, कच्चा सोयाविन तेल, कोइला, खाने तेल लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, अन्य मेसिनरी तथा पार्टपुर्जा, एम.एस. बिलेट, हटरोल सीट लगायतका वस्तुको आयात घटेको छ।

कुल वस्तु निर्यात ८.९ प्रतिशतले वृद्धि भइ ९ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात २७.७ प्रतिशतले वृद्धि भएको थियो।

वस्तुगत आधारमा पश्मिना, ऊनी गलैंचा, आयुर्वेदिक औषधि, जडिबुटी, जुटका सामान लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जुस, अलैंची, पोलिस्टर यार्न तथा अन्य धागो, जस्तापाता लगायतका वस्तुको निर्यात घटेको छ।

कोरोना नियन्त्रणका लागि गरिएको बन्दाबन्दीका कारण आयात खुम्चिएको राष्ट्र बैंकले औंल्याएको छ।

**शोधनान्तर स्थिति र चालु खाता बचत**

रेमिट्यान्समा उच्च वृद्धि भई व्यापार घाटामा कमी आउँदा मुलुकको भुक्तानी सन्तुलन (शोधनान्तर स्थिति) ५१ अर्ब ४६ करोडले बचतमा रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ६ अर्ब ५ करोडले बचतमा थियो। मुलुकबाट बाहिरिने र भित्रिने रकमको अन्तरलाई शोधनान्तर स्थितिले जनाउँछ।

समीक्षा अवधिमा चालु खाता २५ अर्ब ४१ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता ९ अर्ब ३४ करोडले घाटामा रहेको थियो।

अमेरिकी डलरमा अघिल्लो वर्षको पहिलो महिनामा ८ करोड ३८ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा २१ करोड २१ लाखले बचतमा रहेको छ।

# कुलमानको पक्षमा बिर्तामोडमा प्रदर्शन

*बिर्तामोड (प्रस)* । झापाको बिर्तामोडमा नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङलाई पुनः नियुक्ति गर्नुपर्ने माग गर्दै प्रदर्शन भएको छ ।




स्वतन्त्र युवाहरुले आयोजना गरेको प्रदर्शनमा सयौं युवा तथा वृद्धवृद्धाको सहभागिता रहेको थियो । बिर्तामोड नगरको परिक्रमा गर्दै मुक्ति चोकमा पुगेर कोण सभामा परिणत भएको सभामा बोल्दै सामाजिक अभियन्ता नारायण कडरियाले कुलमान ब्यक्ति मात्र नभएर उज्यालोको पर्याय भएको बताए । उनले कम्युनिष्ट नेताले गरिब जनताको आवाज बोकेर सत्तामा पुगेपछि गरिब जनतालाई दबाउदै निरंकुशता लाद्न खोजेकोले युवाहरु सडकमा उत्रनुपरेको बताए ।

कुलमानलाई पुनःनियक्ति नगरे सारा जनता सडकमा उत्रिएर वर्तमान सत्ताविरुद्ध जनता सडकमा उत्रिने उनले चेतावनी दिए। त्यस्तै रंगकर्मी प्रकाश दाहालले जनताको आवाजलाई वर्तमान सरकारले मजाक बनाएको आरोप लगाए । कलाकारलाई प्रयोग गरेर जनताको आवाजलाई गीत संगीतमार्फत आन्दोलन गरेपनि तिनै गरिब जनताविरुद्ध सत्तामा पुगेर भेदभाव गरेको भन्दै अब जनता चुप लागेर नबस्ने चेतावनी दिए । सभालाई सम्बोधन गर्दै सञ्चारकर्मी पार्वती तामाङले बिद्युत प्राधिकरणमा कुलमानको विकल्प खोज्ने बेला नभएको भन्दै पुनः नियुक्तिको माग गरिन् । कार्यक्रममा कुलमान तिम्रो कर्मले छाती फुल्छ गर्वले, लोडसेडिङ गर्न पाईदैन, उज्यालो नेपाल चाहिन्छ लगायतका प्ले कार्ड बोकेर प्रदर्शन गरिएको थियो ।

## नेविसंघले पनि गऱ्यो प्रदर्शन




*बिर्तामोड (प्रस)* । नेपाल विद्यार्थी संघ झापाले बिर्तामोडमा बिरोध प्रदर्शन गरेको छ ।

बिर्तामोड नगर समितिले संयोजन गरेको बिरोध प्रदर्शनमा सरकारको गलत कदमको बिरोध गरेका छन् । प्लेकार्ड र ब्यानरसहित भेला भएका विद्यार्थीले सरकारविरुद्ध चर्का नारा लगाएका थिए । नेविसंघले 'पाठ्यक्रम विकास बोर्डलाई दिइएको निर्देशन फिर्ता गर , कुलमान घिसिङलाई पुनः नियक्ति, डा. गोबिन्द केसीको जीवन रक्षा, हुम्लाको लाप्चा क्षेत्रमा भएको चिनियाँ अतिक्रमण बन्द गर, चिनियाँ हस्तक्षेप बन्द गर' जस्ता माग गरेको छ । विद्यार्थीले ओली सरकार गैरजिम्मेवार भएको टिप्पणी गरे । बिरोध प्रदर्शनपछिको संक्षिप्त कोणसभालाई नेविसंघका निवर्तमान केन्द्रीय सदस्य सन्तोष उप्रेती, नेविसंघ झापा प्रवक्ता सञ्जय निरौलालगायतले बोलेको नेविसंघ झापा सभापति राजेन्द्र उप्रेतीले बताए ।

बिरोध प्रदर्शनमा विद्यार्थी नेताहरू याम भुजेल,सञ्जय राई, योगेन थापा, रमेश शेर्पा, विशाल सिटौला, दिपेन धिमाल, बिकी चौधरीलगायतको सहभागिता थियो ।

# काँग्रेस र राप्रपा परित्याग गरी नेकपामा प्रवेश



*हल्दिबारी (प्रस)* । हल्दीबारीमा नेपाली काँग्रेस र राप्रपा परित्याग गरी करिव ३०० जना युवा नेकपामा प्रवेश गरेका छन् ।

नेकपामा प्रवेश गर्नेहरुमा हल्दीबारी–४ निबासी कबड्डीका राष्ट्रिय खेलाडी अमृत मेचे सहित १०० जना, हल्दीबारी–२ का कबड्डीकै राष्ट्रिय खेलाडी खड्ग राजवंशीसहित १०० जना, हल्दीबारी–४ का फुटबल खेलाडी सन्तोष मादेनसहित ५० जना र हल्दीबारी–३ का सामाजिक अभियन्ता अभिषेक खतिवडा र बिजय मेचेसहित ५० जना युवा आज औपचारिक रुपमा नेकपामा प्रवेश गरेका हुन् ।

नवप्रवेशीहरुलाई नेकपा झापा जिल्ला कमिटी सदस्य एवम् क्षेत्र न.३ 'ख' का सचिव नरेस चुडाल, नेकपा हल्दीबारी इन्चार्ज धर्म शिवाकोटी, जिल्ला कमिटी सदस्य एवम् हल्दीबारी गाउँपालिकाका उपाध्यक्ष डम्बर गिरी, जिल्ला सल्लाहकार सदस्य एवम् तत्कालीन हल्दीबारी गाविस अध्यक्ष मोहनचन्द्र रेग्मीलगायतले टीका र खादा लगाइदिएर स्वागत गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा झापाका सदस्य एवम् हल्दीबारी गाउँपालिकाका उपाध्यक्ष डम्बर गिरीले नेपाल कम्युनिस्ट पार्टी कस्तो हो भन्ने कुरा अहिले हल्दीबारीमा भइरहेका विकासका कामहरुले प्रष्ट पारेको बताए । उनले हल्दीबारीमा नेकपाको अगुवाइमा भइरहेका विकासका गतिविधिबाट तर्सिएर काँग्रस र राप्रपा कुप्रचारमा उत्रिएको आरोप लगाए । उनले नेकपाले नवप्रवेशी सबै युवाहरुलाई योग्यता र क्षमताको आधारमा व्यवस्थापन गर्ने आश्वासन दिए ।

नेकपा हल्दीबारी–३ का इन्चार्ज विष्णुप्रसाद ओलीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन नेकपा झापा जिल्ला प्रचार तथा प्रकाशन विभागका सदस्य सागर पोर्तेलले गरेका थिए भने नेकपा हल्दीबारीका कार्यालय सदस्य महेशलाल मेचेले स्वागत मन्तव्य राखेका थिए ।

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, झापा**
**प्रदेश नं १ नेपाल ।**

## बिर्तामोड नगरपालिकाको अनुरोध

**आदरणीय सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरु...**

अहिले हाम्रो जनजीवनमा कोरोना महामारीले नराम्रो असर पार्ने गरी समस्या बढिरहेको यहाँहरुलाई बिदितै छ । यस बिषम परिस्थितिमा पनि नगरपलिकाको जनशक्ति नगरबासीको स्वास्थ्य लगायत अन्य आवश्यकता पूरा गर्न अहोरात्र खटिइरहेको छ। कोभिड १९ को प्रकोपको न्यूनिकरणका लागि नगरका स्वास्थ्यकर्मी दिनरात नभनी लागिरहेका छन् । जसका कारण बिर्तामोड अरु पीलकाको तुलनामा केही सुरक्षित र कम जोखिममा रहेको छ । नगरले कोरोना प्रभाबितहरुका लागि क्वारेन्टाइन, आइसोलेसन र होम आइसोलेसनका प्रवन्ध गरेको छ ।

यतिबेला मुलुकका मुख्य सहरहरु र ग्रामीण बस्तीहरु पनि यसको प्रकोपबाट सुरक्षित छैनन् । यो प्रकोपबाट मुक्त रहन केवल सरकारी पहल र प्रयत्नबाट मात्र सम्भव छैन। स्थानीय तहहरुले त जनशक्तिको परिचालन गरेर समस्या बढ्न नदिने प्रयत्न गर्ने हो, त्यो गरिरहेकै छन् । तर, जनता जागरुक भएनन् भने केही पनि गर्न सम्भव छैन ।

हामी जो केही पनि यो संक्रमणको जोखिममा छौं भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन। खासगरी बिर्तामोड एउटा ब्याबसायिक क्षेत्र भएका कारण आफ्नो पसल, ब्यबसाय र उद्योग संचालन गर्दा स्वास्थ्य सचेतना अपनाएर गरेमा संक्रमण नबढ्ने र समुदायमा पुगेको रोगलाई नियन्त्रण गर्न सहज हुनेछ । अझ समुदायस्तरमा पुगेको संक्रमणलाई रोकथाम गर्न समुदाय नै बढी चनाखो हुन जरुरी हुन्छ ।

**तसर्थ,**

-अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं
-माक्सको अनिबार्य प्रयोग गरौं, हात सफा राखौं
-टोल, समाज सफा राखौं, जथाभाबी फोहर मैला नगरौं
-नजिकिरहेको चाडबाडमा अनावश्यक भिडभाड नगरौं
-आफ्नो परिवार बाहेक अरु धेरै अनावश्यक मानिसहरुको सर संगत नगरौं
-गाउँ, टोलमा देखापरेका बिरामीहरुप्रति नराम्रो ब्यबहार नगरौं
-कहीं कतै संक्रमणको जोखिम देखिएमा तत्काले स्वास्थ्यकर्मीलाई सूचना दिऔं ।
-आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

**धुबकुमार शिवाकोटी**
**नगरप्रमुख**
**बिर्तामोड नगरपालिका, बिर्तामोड (झापा)**

प्रतिदिन

## वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पुर्ण
काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट
घरको झ्याल
तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम
(UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा
प्रतिदिन
आएन ?
नआएमा
सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : आज महत्त्वपूर्ण कामको थालनी हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।
**वृष** : आज स्वास्थ्यमा खर्च बढ्नेछ। यात्रामा मालसामान हराउन सक्छ। सानो तिना समस्यामा अल्झिनुपर्नेछ।
**मिथुन** : धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ। नयाँ काम सुरु गर्ने समय छ।
**कर्कट** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। घरमा अतिथीको आगमन हुनेछ।
**सिंह** : आज रोकिएका काम पुनः सुरु हुन सक्छन्। आर्थिक कारोवारमा सफलता पाइएला।
**कन्या** : आज भाग्यले विभिन्न अवसर जुराउनेछ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ।
**तुला** : धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।
**वृश्चिक** : ठीक समयमा सही निर्णय लिन सकिनेछ। राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ।
**धनु** : आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।
**मकर** : : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। सांस्कृतिक क्षेत्रमा रुची बढ्नेछ।
**कुम्भ** : आज रोकिएका आधुरा काम पुनः सुचारु हुनसक्छ। शुभ र मंगल कार्यको चर्चा चल्नेछ।
**मीन** : आज लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला। सहकर्मीबाट विरोध आउला।